# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**जामुनबारी ,झापा**
**प्रदेश नं.१, नेपाल**

## माईमेला लगाउने शिलबन्दी दरभाउ पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०९/१८

यस कनकाई नगरपालिकाको वडा नं. ४ महेन्द्र राजमार्ग उत्तर कोटिहोम पश्चिम कनकाई नदीको पूर्वी किनार क्षेत्रमा परम्परागत रुपमा सञ्चालन हुदै आएको धार्मिक रमाईलो माईमेला (मकरमेला) यस वर्ष पनि मिति २०७८/०९/२८ गते देखी २०७८/१०/०२ गते सम्म सञ्चालन हुने भएकाले उक्त मेलामा बजार तथा रमाईलो मेला संचालन गर्न ठेक्का लिन ईच्छुक व्यक्ती,फर्म, कम्पनीहरुले तपशिल बमोजिमको शर्त भित्र रही शिलबन्धी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरीएको छ ।

| सि. नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) | फारम दस्तुर | फारम बिक्री हुने अन्तिम मिति | फारम पेश गर्नु पर्ने अन्तिम मिति र समय | फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | KANAKAI/IR/05/2078-079 | माईमेला ठेक्का | रु. ५०००००।- | रु. १००० ।- | २०७८।९।२३ गते कार्यालय समय भित्र कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय | २०७८।९।२५ गते १२:०० बजे भित्र यस नगरपालिकाको कार्यालय | २०७८।९।२५ गते दिनको २:०० बजे |

**नोटः** ठेक्का सम्बन्धी विस्तृत विवरण तथा अन्य शर्तहरु नगरपालिकाको सुचना पाटीमा वा नगरपालिकाको वेभसाईट www.kankaimun.gov.np मा जानकारी पाउन सकिने छ । योग्य बोलपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीका लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, कनकाई नगरकार्यापालिकाको कार्यालय, जामुनबारी, झापामा, www.kankaimun.gov.np वा info@kankaimun.gov.np मा सम्पर्क राख्न सकिनेछ ।

**शर्तहरुः-**

१. माथी उल्लेखित दस्तुर यस कार्यालयको राजश्व शाखामा जम्मा गरेको सक्कल रसिद कम्पनी/फर्म वा सप्लायर्सहरुले फर्म दर्ता, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी मिति २०७८/९/२३ गते सम्ममा कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न सकिने छ । खरिद भएका दरभाउपत्र सम्बन्धि कागजात मिति २०७८/९/२५ गते दिनको १२:०० बजे सम्म यस का र्यालयको नाममा सम्बोधन गरी, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं समेत स्पस्ट खुलाई फर्मको छाप लगाई लाहाछापद्वारा सिलबन्दी गरी शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

२. दरभाउपत्र सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भर्नु पर्नेछ । प्राप्त भएका दरभाउपत्रहरु अन्तिम पेश गर्नु पर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

विवेक भण्डारी
प्रशासकीय अधिकृत

३. दरभाउपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवम् खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोहि वमोजिम हुनेछ ।

४. दरभाउपत्र जमानत (मूल्य अभिबृद्धि कर) बाहेक कबोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा ने.बै.लि. सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं १४७०३०००००३०००००००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

५. दरभाउपत्र दाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धी कर बाहेक र मूल्य अभिबृद्धी कर सहितको दररेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्रमा अंक र अक्षर दुबैमा स्पष्ट लेखि प्रत्येक पानामा सहिछाप गरेको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको सहिछाप भएको हुनु पर्नेछ ।

६. नक्कली कागजात पेश गरि वा मिलेमतो गरि दरभाउपत्रमा भाग लिएको पाइएमा सो दरभाउपत्र रद्द गरी कालो सूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ । म्याद नाघी आएको, रीत नपुगेको र ससर्त पेश भएको दरभाउपत्रहरु मान्य हुने छैन ।

७. ठेकेदारले ठेक्का सदर भएको सूचना प्रकाशित मितिले ३ दिन भित्र कबोल गरेको एक मुष्ठ रकम बुझाई मेला सञ्चालनका लागी ईजाजत पत्र लिई सक्नु पर्ने छ ।

८. ठेक्का रकम नगरपालिकाले उपलब्ध गराएको दररेटको अधिनमा रहि असुल गर्नु पर्नेछ ।

९. उच्चतम ठेक्का कबुल गर्ने प्रथम ठेकेदारले ३ दिन भित्र रकम दाखिला नगरेमा निजको धरौटी जफत गरी दोश्रो उच्चतम कबोल गर्ने ठेकेदार। सँग सम्झौता गरिने छ ।

१०. मेला संचालन सम्बन्धमा प्रचलित कानून बाट निशेध गरिएका जोखिमयुक्त खेल खेलाउन तथा गतिधि सञ्चालन गर्न गराउन पाईने छैन।

११. छनौट भएको ठेकेदारले मेलाबजार व्यवस्थित गर्नका लागी देहायबमोजिमको दायित्व पुरा गर्नु पर्नेछ ।

- छनौट भएको ठेकेदारले सरसफाई तथा धुलो नियन्त्रणका लागथी पालि हाल्ने कार्य
- फोहोरमैला व्यवस्थापनको कार्य
- अस्थाई शौचालयको व्यवस्था
- अस्थाई पुल निर्माण गर्ने कार्य (ह्युम पाईप राखेर)
- सी.सी. क्यामेरा जडान गर्ने कार्य

विवेक भण्डारी
प्रशासकीय अधिकृत

पिताम्बर गौतम
उपसचिव
(अधिकृत स्तर दशौं तह)

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

## कनकाई नगरकार्यपालिकाबाट कनकाई माई मेलाका लागी कायम गरिएको दररेट

### (सवारी पार्किङ्ग)

| सि.न. | विवरण | दररेट |
|---|---|---|
| १ | साईकल पार्किङ्ग शुल्क | २०।- |
| २ | मोटर साईकल पार्किङ्ग शुल्क | ५०।- |
| ३ | कार, जिप, भेन साना सवारी पार्किङ्ग शुल्क | १००।- |
| ४ | ठुला सवारी बस, ट्रक समेत पार्किङ्ग शुल्क | २००।- |

### (भिटौरी कर)

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| १ | भिटौरी प्रती स्वायर फूट (स्पेशल) | रु. २५ |
| २ | भिरौटी प्रती स्वायर फूट (न्युनतम) | रु. २० |
| ३ | सबैभन्दा साना पसल (न्युनतम) | रु.५०० |

विवेक भण्डारी
प्रशासकीय अधिकृत

पिताम्बर गौतम
उपसचिव
(अधिकृत स्तर दशौं तह)

# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा

१ नं. प्रदेश, नेपाल

### आन्तरिक आयको बोलपत्र सम्बन्धी फारम

| सि. नं | ठेक्का नं. | ठेक्काको शिर्षक | बोलपत्र दाताले कबोल गरेको रकम | | धरौटी रकम | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अंकमा (भ्याट सहित) | अक्षरमा (भ्याट सहित) | अंकमा | अक्षरमा | |
| १ | KANAKAI/IR/11/077-78 | घैलाडुब्बा बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | | | | | |

संलग्न कागजातहरु:

१.

२.

३.

४.

बोलपत्र दाताको नाम

ठेगाना

हस्ताक्षर

मिति

सम्पर्क नं.